# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली,कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्या :- २०८१।०८२
चलानी नम्बर :-

मिति: २०८२/०२/२६

सूचना । सूचना ॥ सूचना ॥।

**कृषि उत्पादनमा बृद्धिका लागि स्प्रे टंकी खरीद तथा बितरण कार्यक्रममा निबेदन पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२६

प्रस्तुत बिषयमा यशोधरा गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलवस्तुको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत "कृषि उत्पादनमा बृद्धिका लागि स्प्रे टंकी खरीद तथा वितरण" कार्यक्रम संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुमा गठित कृषि विकास समितिको मिति २०८२/०२/२६ गते बसेको बैठकको निर्णय अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फार्महरुले उक्त कार्यक्रममा निवेदन पेश गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दर्ता गरिने तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निबेदनहरु छनौटका लागि समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>आवश्यक कागजातहरु :</u>

१) कार्यक्रम माग सम्बन्धी निबेदन ।

२). कृषक समुह/ कृषि सहकारी/ कृषि फार्म सहितको हकमा संस्था दर्ता प्रमाण पत्र एवं नबिकरण सहितको प्रतिलिपी ।

३) कृषक समुह/ कृषि सहकारीको हकमा कार्यक्रममा सहभागी हुने १ (एक) जना कृषकको नाम सहितको निर्णय प्रतिलिपि ।

४). सम्बन्धित आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

५) स्वा- घोषणा पत्र ।

६) स्वा- प्रतिबद्धता पत्र ।

**नोट : बिस्तृत जानकारीको लागि यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।**

२०८२/०२/२६

ऋषभ देव खनाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा :- वेबसाइटमा अपलोड गरिदिनु हुन् ।

प्रमुख प्रशासकीय अधिकृत